म.नि. प्र. का. द.नं. : १७६ / ०६८, वर्ष ११, अंक १६७ सोमबार, १० माघ २०७८ सप्तमी ने. सं. ११४२ पोहलागा 24 January, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३ / -

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

आगो वा हिटर प्रयोगमा होशियारी अपनाऔं।

- झ्याल, ढोका पुरेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरूममा ग्यास गिजरको प्रयोग नगरौं । गर्ने परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका पुरेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।

नेपाल आयुर्वेद निकासन बोर्ड

प्रदेशभित्र औद्योगिक वातावरण बनाउन मुख्यमन्त्रीको चासो

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशभित्र औद्योगिक वातावरण सिर्जना गर्न प्रदेश सरकारले चासो देखाएको छ । अलपत्र औद्योगिक योजनालाई सुरु गराउन मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले चासो देखाएका छन् ।

प्रदेश सरकारले औद्योगिक क्षेत्र स्थापनाका लागि जग्गा पनि खोजी गरिरहेको मुख्यमन्त्रीका निजी सचिव अच्युत उपाध्याय लामिछानेले जानकारी दिएका छन् ।

मुख्यमन्त्री पाण्डेले औद्योगिक वातावरण सृजना गर्न र लगानीको वातावरण निर्माण गर्न प्रस्तावित औद्योगिक क्षेत्रको निरीक्षण गरिरहेका छन् । उनले चितवनको कालिका नगरपालिका स्थित प्रस्तावित शक्तिखोर औद्योगिक क्षेत्र र हेटौंडाको औद्योगिक क्षेत्रको निरीक्षण गरिसकेका छन् । उनले नयाँ उद्योग स्थापनाका लागि पनि जग्गाको खोजी गरिरहेका छन् ।

मुख्यमन्त्री पाण्डेले चितवन उद्योग वाणिज्य संघ तथा चितवन उद्योग संघको पदाधिकारी सहित प्रस्तावित शक्तिखोर औद्योगिक क्षेत्रको निरीक्षण गरेका हुन् । उनले स्थानीय सरोकारवाला पक्षहरूसँग औद्योगिक क्षेत्रको बारेमा जानकारी लिएका थिए ।

उनले औद्योगिक क्षेत्र स्थापना गर्न देखिएका समस्या तत्काल समाधान गर्न जोड दिएका छन् । बागमती प्रदेशकै आर्थिक समृद्धिका लागि महत्वपूर्ण मानिने शक्तिखोर औद्योगिक क्षेत्रका लागि आवश्यक लगानी जुटाउन पहल गर्ने उनको भनाई छ ।

औद्योगिक क्षेत्रको आयोजनालाई छिटो कार्यान्वयनमा लैजान संघीय सरकारसँग समन्वय गर्ने मुख्यमन्त्री पाण्डेले बताए । औद्योगिक क्षेत्रका बारेमा चितवन उद्योग संघका पूर्व अध्यक्ष भेषराज दवाडीले जानकारी गराएका थिए ।

निरीक्षणमा प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री कृष्ण प्रसाद शर्मा खनाल, श्रम, रोजगार तथा यातायात मन्त्री घनश्याम दाहाल, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णराज पन्त, आयोगका सदस्यद्वय प्रल्हाद लामिछाने र राजू नेपाल-लगायतको उपस्थिति थियो ।

लागूऔषधसहित तामाङ पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरका एक युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

बाराको जितपुर सिमरा उपमहानगरपालिका-७ स्थित सडकबाट नियन्त्रित लागूऔषध एक सय एमएलको डाइलेक्स डिसि १ सय १० बोतल सहित शनिबार बिहान पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा मकवानपुर कैलाश गाउँपालिका-९ घोरङ बस्ने २२ वर्षीय नबराज तामाङ रहेका छन् ।

बा.५१ प ८३७५ नम्बरको मोटरसाइकललाई ईलाका प्रहरी कार्यालय जितपुरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटर साइकल चालक तामाङलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

गुणस्तरमा ध्यान दिन निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले सडक निर्माणमा गुणस्तरीय कामलाई जोड दिन निर्देशन दिएका छन् ।

हेटौंडाको चौकिटोलदेखि रातोमाटेसम्मको बाइपास सडकको स्थलगत निरीक्षण गर्दै मुख्यमन्त्री पाण्डेले सडकको रेखाकंन तथा उक्त रेखाकंन अनुसार सडक निर्माण गर्दा अपनाउनु पर्ने सावधानी र गुणस्तरीय काममा ध्यान दिन सम्बन्धित कार्यालयका कार्यालय प्रमुखहरूलाई निर्देशन दिएका हुन् ।

बाइपास सडकको कार्यान्वयनको अवस्था र निर्माणका क्रममा देखा परेका समस्या समाधानका लागि पाण्डेले चासो देखाएका छन् । बागमतीको अघिल्लो सरकारले टेण्डर लगाएर गराएको काम अद्धै पूर्ण हुन सकेको छैन् ।

बाइपास सडक निर्माणमा ढिलाई भएपछि मुख्यमन्त्रीले स्थलगत निरीक्षण गर्दै काम छिटो गर्न निर्देशन दिएका छन् । विकास आयोजनालाई तोकिएको समयमा सम्पन्न गर्नक मुख्यमन्त्री पाण्डेले अनुगमन कार्यलाई तीव्रता दिइरहेका छन् ।

बाइपास सडक निरीक्षण गर्दै मुख्यमन्त्री पाण्डेले हेटौंडामा फराकिलो सडक आवश्यक रहेको भन्दै स्थानीयको आवाज अनुसार समस्या समाधान गर्न संघीय सरकारसँग समन्य गर्ने बताए । निरीक्षणमा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख मिनाकुमारी लामा, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ता अग्रवाल लगायतको आतिथ्यता थियो ।

संघीय सरकारले पूर्वपश्चिम राजमार्ग र विभूवन राजपथ अन्तर्गत हेटौंडा सडकखण्डको दार्थं-बायों २५ मिटर सडक विस्तार गर्ने नीति अवलम्बन गरेसँगै प्रदेश सरकारले त्यसको विकल्पका रुपमा बाइपास सडकको स्तरोन्नति गरिरहेको हो ।

प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले यसअघि १३ करोड रुपैयाँको लगानीमा राप्तीपुलबाट उत्तरतर्फ चौकीटोल सम्मको २४ सय मिटर क्षेत्रको सडक निर्माण सुरु गरेको थियो । हाल राप्ति पुलबाट दक्षिण रातोमाटेतर्फ पनि सडक निर्माणको काम भइरहेको छ ।

नदी नियन्त्रणसहित ७ दशमलव ५ मिटर चौडाइको कच्ची सडक निर्माणको काम भइरहेको छ । राप्तीपुलदेखि चौकीटोलसम्मको २४ सय मिटरमा राप्तीखोला नियन्त्रणको लागि ग्याबिङ वाल, आरसीसी वाल, कल्भर्ट र खोलासम्म पुरनका लागि साना सडक निर्माण गरिएको थियो ।

यद्यपि, निर्माणले पूर्णता भने पाएको छैन् । बाइपास सडकलाई पूर्वपश्चिम राजमार्गको बीरगंज-हेटौंडा खण्डअन्तर्गत् रातोमाटेमा जोड्ने जनाइएको छ । बाइपास सडक राष्ट्रिय राजमार्ग रुपमा नभई नदीको क्षयीकरण रोक्ने र सडक निर्माण गर्ने लक्ष्य यसअघिको प्रदेश सरकारले राखेको थियो ।

सेवा केन्द्रबाट खोप अभियान सुरु

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-९, पशुपतिनगरस्थित सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्रमा कोरोनाविरुद्धको खोप अभियान सुरु गरिएको छ ।

बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले खोप अभियानको आइतबार शुभारम्भ गरेका छन् । समुदाय सेवा केन्द्रमा तीन दिनसम्म खोप अभियान सञ्चालन हुनेछ ।

यहाँ सर्वसाधारण, पूर्वप्रहरी, फ्रन्टलाईनर, औद्योगिक क्षेत्र प्रवेश गर्ने सवारी चालक लगायतलाई कोरोनाविरुद्धको खोप लगाइने सेवा केन्द्रका पूर्व अध्यक्ष कुमार पौडेलले जानकारी दिए । आवश्यकता अनुसार अभियानको समय थप हुने पौडेलले बताए ।

सेवा केन्द्रका अध्यक्ष राम विष्टको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेसहित सामाजिक तथा राजनैतिक व्यक्तित्वहरुको सहभागिता थियो ।

खोप अभियान शुभारम्भ गर्दै स्वास्थ्य मन्त्री लामाले खोप अभियान समुदायमै पुनुपर्छ भन्ने अवधारणाका साथ प्रदेश सरकार अभियानमा लागेको बताएका छन् । उनले कोरोनाविरुद्धको खोप खोज्दै भैंटारिन् नपर्ने र समुदायस्तरमै खोपको व्यवस्था गरिएको मन्त्री लामाले जनाए ।

उनले सरकारको प्रयासमा सरकारी निकायसँगै सामाजिक संघसंस्था र नागरिक समाजको सहकार्यले चैतसम्म सबैलाई खोप लगाइसक्ने लक्ष्य रहेको बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ज्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ज्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३००

Times AutoHub, Hetauda
फोन नं: ४८५५०६७८४० /०५७-५४०६१०

घडेरी बिक्रीमा
जिल्ला : मकवानपुर
हेटौंडा उपमहा नगरपालिका
पडा नं. १



सम्पर्क नं.: ९८४५१०३६६३
९८११८९५४६२ हेटौंडा-५

साझाकुरा

हाम्रो कुरा

एकीकरण अभियानको मूलधार मकवानपुरगढी

सुन्दा कथा जस्तै लाग्ने तर, वास्तविकता । नेपालीले सदैव शिर ठाडो गर्न पाउने देशको ऐतिहासिक सम्पदा हो, मकवानपुरगढी नेपालीले आफ्नो भूमिमा विदेशीलाई पराजय गरेको पहिलो इतिहासको गाथा बोकेको एकीकरण अभियानको मूलधारको रुपमा लिइन्छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियानलाई सार्थकर्ता तुल्याउन मकवानपुर राज्यको राजधानी मकवानपुरगढी आक्रमण र विजयबाट सुरु भएको मूलधारको रुपमा लिइन्छ । गुरगिन खाँको फौज होचो ठाउँ शिखरकटेरीतर्फ लागेको देखेर गोर्खाली फौजले अग्लो स्थानबाट ढुंगामुढा लडाई बन्दुक ताकेर माघ ९ गते रातिदेखि १० गतेसम्म शत्रुपक्षसँग लडेरु। मुगल सैनिकका १७ सय फौज हताहत भए । गोर्खालीको मनोबल उच्च भयो र बाँकीलाई लखेदैदै सिमाना कटाए । यहि दिननाई हरेक वर्ष विजय उत्सवको रुपमा मनाइन्छ । विदेशी फौजलाई परास्त गरेको दिनपछि एकीकरण अभियानलाई गति लिएको पाइन्छ । पाल्पाली मुकुन्द सेन द्वितीयका छोरा लोहाङ सेनको भागमा मकवानपुरगढी अंश भाग परेकले दरबार निर्माण गरी सन् १५५३-१५९१ सम्म शासन गरे ।

उनका छोरा राघव सेनले ई. १५९१-१६३१ सम्म सोही ठाउँमा शासन गरे । राघव सेनका छोरा हरिहर सेनले १६३१-१६७२ सम्म मकवानपुरमा शासन गरे । त्यसपछि अंश लगाएर दुई भागमा शासन गरेका कोसीपूर्व विजयपुरमा इन्द्र विधाता सेन र कोशी पश्चिम मकवानपुर गढीमा शुभ सेनले क्रमशः १६७२-१७०६ शासन गरे । शुभसेनका छोरा माणिक सेन इ.सं. १७०७-१७३० सम्म राजा भए । त्यसपछि उनका छोरा हेमकर्ण सेन इ. १७३०-१७५९ सम्म शासन गरेको देखिन्छ । त्यसपछि उनका छोरा दिग्वंन्धन सेन इ. १७५९-१७६२ अगस्ट २१ अर्थात् वि.सं. १८१९ भदौ ९ सम्म शासन गरेरु। १८१९ भदौ ९ मा गोरखाका ज्वाई राजा पृथ्वीनारायण शाहको फौजले मकवानपुरमा विजय हासिल गरी एकीकरणको प्रारम्भ गऱ्यो । राजा पृथ्वीनारायण शाहको नुवाकोट (वि.सं. १८०१ असोज १५ गते) विजयले नेपालको पुनः एकीकरणको प्रारम्भ भए पनि सो क्षेत्र कान्तिपुरको स्वसाशित क्षेत्र थियो । मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारी सेनसँग पृथ्वीनारायण शाहको धुमधामसाथ वि.सं. १७९५ फागुनमा विवाह सम्पन्न भयो । वि.सं. १८१६ मा ससुरा हेमकर्ण सेनको मृत्यु भएपश्चात् काठमाडौं उपत्यकामा आर्थिक नाकाबन्दी लगाउनुपर्नेमा जेठान दिग्बन्धन सेनबाट बाधा विरोध भइरहेकाले मकवानपुर विजय गर्न अत्यावश्यक भएर आफू दहचोक गढीमा बसी सेना पठाएर १८१९ भदौ ९ गते मकवानपुर विजय भयो । दिग्बन्धन सेनले गोर्खालीलाई मकवानपुरबाट हटाइदिन बंगालका नबाब मुगल मिरकासिमसँग अनुरोध गरे । पराजित राजा दिग्बन्धनसँगको अनुरोध स्विकारी सेनापति गुरगिन खाँको नेतृत्वमा मिरकासिमले सेना पठाए ।

हर्नामाडी वि.सं. १८१९ पुस २७ गते आएर ठानामा आक्रमण गरे । यो खबर राजा पृथ्वीनारायण शाह कहाँ पुग्यो । गढीको सुरक्षार्थ सरदार नन्दु शाहको अगुवाइमा ४ सय सेना थिए । गोर्खालीतर्फ पनि २५-३० जनाले वीरगति पाएका थिए । यो युद्धबाट दुई तोप करिब ५०० नाल आधुनिक बन्दुक अन्य हातहतियारसमेत गोर्खालीलाई लाभ भयो । यसरी ऐतिहासिक पुष्टि भएपछि २०६६ सालदेखि मकवानपुरगढी पर्यटन विकास समन्वय समितिले माघ १० गते विजय उत्सव मनाउँदै आएको छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी		एम्बुलेन्स सेवा	
प्रहरी कन्ट्रोल:	१००	नेपाल रेडक्रस:	५२०७११, ९८५१०२८९५२
जिल्ला ट्राफिक:	५२०५९९	हेटौंडा अस्पताल:	५२०३०२
बडा प्रहरी:	५२०२९९	परिवार नियोजन संघ:	५२०७५९८४१०४८००
पशुपतिनगर इलाका:	५२०५९८	मनहरी रेडक्रस:	९८४१९०४८२१
पालुङ इलाका:	६२०४६७	क्षतिवन रेडक्रस:	९८६१६२२११
मनहरी इलाका:	९८५५०९०१६१	भीमफेदी रेडक्रस:	६२०६९९
इलाका फागरबारी:	६२१९८०	पालुङ रेडक्रस:	९८१४०७४०१
इलाका भीमफेदी:	६९१४६२	बडबारारी रेडक्रस:	९८४५३०२९८४
इलाका ठिंगन:	९८४५२९९३८१	सहकारी अस्पताल:	०५७-५२४८०७, ९८४५१९१९४
चौकीटोल चौकी	९७४२५९९५०१	बसामाडी एम्बुलेन्स:	९८४५२९७४७१
चिल्लाङ चौकी:	६९२०००	बारुण यन्त्र:	१०१
चौपडा चौकी	९८४०५४६०४	बाल हेल्पलाइन नेपाल:	१०९८
नेवारपानी चौकी:	९७५५०००२९९	महादी नियोल:	५२१०५०
फाखेल चौकी:	९८४५०३१३९८	अपाङ्ग बाल अस्पताल	९८४५२९९४४५
पदमपोखरी चौकी:	९८४०९९७८९		

आत्मजिविक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७८ माघ ११ गते सोमबार २५ जनवरी २०२१ । माघ कृष्ण अष्टमी । पोहेलागा सप्तमी ११।१ । सूर्योदय ६:४३ र सूर्यास्त ५:३८ मा हुनेछ ।

आजको राशिफल

मेष	: अध्ययनमा बाधा	तुला	: आफन्तजन भेट
वृष	: धन प्राप्ति	वृश्चिक	: भित्रजन भेट
मिथुन	: शत्रुबाट मुक्त	धनु	: प्रेममा सफलता
कर्कट	: धन नष्ट	मकर	: शुभ कार्यको थालनी
सिंह	: मिष्ठान्न भोजन	कुम्भ	: सुख प्राप्ति
कन्या	: आलश्यता	मीन	: यात्राको योग

राजनेता बन्ने अवसर छ देउवालाई

डा. कृष्णप्रसाद पौडेल

देम्सत ऋतुको आगमनसँगै काठमाडौंमा जाडो अलिक बढेर जान्छ । यस वर्ष मंसिरको अन्तिम सताहिसोसे कञ्चनपुरको काठमाडौंमाई भने नेपाली कांग्रेसको १४ औं महाधिवेशनको रापले तताइरहेको थियो । त्यसमाथि नेपाली कांग्रेसको सभापतिको लागि भएको पुनः मतदानको दृष्य साँरै हेर्नलायक थियो ।

केरिव चार बिसको संघारमा रहेका लोकतन्त्रका हिमयती नेता शेरबहादुर देउवा कठ्याँघिरो चिसो रातको परवाह नगरी दुई हात जोडेर महाधिवेशन प्रतिनिधिहरूसँग भोट माग्दै हुनुहुन्थ्यो । उहाँको यो कुयाकलाप समस्त लोकतन्त्र प्रेमीको लागि एउटा मार्गदर्शन जस्तै थियो भने उनको प्रजातन्त्र प्रतिको विश्वास र आस्था पनि झल्किन्थ्यो । केन्द्रीय सदस्य खतस् महाधिवेशन प्रतिनिधि हुने प्राध्यान नेपाली कक्षेसको विधान भएता पनि जन इच्छाले मात्र नेता हुनुपर्छ भन्ने भावना राख्नु हुने देउवाले डङ्केयुराबाट महाधिवेशनको यात्रा थालनी गर्नु भएको थियो ।

नेपाली कांग्रेसको सभापतिको लागि भएको पुनः मतदानमा ६० प्रतिशत मत प्राप्त गरी नेपाल सरकारका प्रधानमन्त्री पुनः दोश्रो कार्यालकलको लागि सभापतिमा विजयी हुनु भएको थियो । सभापतिको श्पमा दोश्रो कार्यकलको पदभार सम्हालेसँगै पार्टी सभापति शेरबहादुर देउवाको सामु धुपै अवसर र चुनौतीहरू थुप्रिएका छन् । यो समय सत्तारोहणको गठबन्धनलाई सम्हाल्दै पार्टीभित्र देखिएको अनतद्वन्दलाई मिलाई आउँदै गरेको तिनै तहको चुनावमा नेपाली कांग्रेसलाई विजयी गराउने सुनौलो अवसर प्राप्त भएको छ । यो अवसरलाई सही मार्गमा प्रयोग गर्न सक्नुभयो भने बीपी से युवा देउवामा देखेको क्षमताको प्रयोग त हुन्छ नै त्यो भन्दा बढी बीपीको सच्चा अनुयायी र नेपाली कांग्रेसको लागि पुस्ती-पुस्तासम्मको लागि पथप्रदर्शक बन्ने अवसर छ अन्यथा उहाँले पाएको यो अवसरको लागि इतिहासले माफ गर्ने छैन । नेपाल विद्यार्थी संघका सस्थापक सदस्य र प्रथम निर्वाचित सभापति देउवा लण्डन स्कुल अफ ईकोनोमिक्सका रिसर्च फेलो समेत हुन् । २०४६ साल पश्चात भएका सम्पूर्ण संसदीय निर्वाचन र संविधान सभा निर्वाचनमा समेत गरी ६ पटक उहाँ चुवब जिलु भएको छ । बीपीको भनाई 'समाजको कुनै वर्गले अन्यायको अनुभव गरेसम्म राष्ट्रको जग मजबुत हुँदैन' भने कुरालाई आत्मसात गर्दै प्रधानमन्त्री हुँदा उहाँले पिछडिएको भूभाग, सीमान्तकृत वर्ग, महिला, दलित, जनजाति र मधेश (कदमबम) लाई राष्ट्रिय विकास प्रक्रियाको मूलधारमा ल्याउन कर्णली, दलित, महिला, जनजाति, मधेसको अवधारणा ल्याएका थिए ।

उनकै पालामा विशेष वर्ग एवं समुदायको उत्थानका लागि राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति आयोग, दलित आयोगजस्ता विभिन्न आयोग गठन भएका हुन् । यसले के देखाउछ भने नेपाली कांग्रेसले अहिंकार गरेको समावेशीतको सिद्धान्त देउवाले नै प्रतिपादन गरेका थिए । कलुगी रूपमा अधिकार पाएका यी सिमानाकृत वर्गलाई वास्तविक रूपमा न्याय दिलाउने खालको राज्य संरचना र संयन्त्र निर्माणको ऐतिहासिक दायित्व पनि देउवाकै काधाँमा आएको छ ।

नेपाली कांग्रेसको १४औं महाधिवेशनको परिणामलाई हेर्ने हो भने 'पुस्तान्तरण सहितको वैचारिक रुपान्तरण'को मुद्दा बडा ईकाईबाट केन्द्रीय नेतृत्वसम्म स्थापित भएको छ । यही सिद्धान्तको आधारमा महामन्त्रीमा निर्वाचित दुई महामन्त्रीमध्ये एकलाई पार्टीको नीति निर्माणको जिम्मेवारी दिई अर्कोलाई सरकारमा सामेल गराउने गरी तयार गरिनु आवश्यक छ । जसले गर्दा पार्टी संचालन र सरकारको कार्यदिशामा युवाको प्रतिनिधित्वले सारा कंग्रेमा रक्त संचारको बहाव जसरी कांग्रेसजनलाई अगाडि बढाउन सकिन्छ ।

नेपाली कांग्रेसको महामन्त्रीमा निर्वाचित गगनकुमार थापा र विश्व प्रकाश शर्मालाई आउँदै गरेको निर्वाचनको सारथिको रुपमा अगाडि बढ्नुर देशभरनै कक्षेसमय बताइरण सृजना गरी त्यसको जस लिने अवसर पार्टी सभपतिलाई मिलेको छ । त्यसै, वर्तमान सभापतिले अर्को एक महत्वपूर्ण कार्य गर्न जरुरी छ अर्थात उत्तराधिकारी चयनको कार्य । नेतृत्वको दायित्व आफ्नो उत्तराधिकारी निर्माण समेत हो जसले भावी दिनमा आफ्नो विचार र सिद्धान्त अबलम्बन गर्दै संगठन हाक्ने न्याक्त राख्नोस जीवनको उत्तरावस्थामा रहेका बृद्ध नेताले यही कार्यकालमा सही उत्तराधिकारको चयन गर्नु पर्ने बाध्यात्मक अवस्थामा रहनु भएकले झाम्रा भन्दा नि राम्रालाई प्रसय दिनु सक्नु भएमा मात्र संगठनले गति लिनेछ । यसका लागि सही ठाउमा सही मान्छे (Right man in right place) गर्दा नै उहाँको कद उचो हुनेछ ।

नेपाल सरकारको प्रमुखको हैसियतमा सरकार संचालनको समयमा गरेका सहमतिभन्दा अलिक माथि उठेर देश, जनता र पार्टीको हितमा काम गर्ने गरी आसन्न तिनै तहको निर्वाचनमा नेपाली कांग्रेसलाई स्पष्ट बहुमत दिलाउने दिशामा पाटी सभापतिको ध्यानाकर्षण हुन आवश्यक छ । यसको सायै संविधानको अक्षरश: पालना गर्नको लागि तीनै तहको निर्वाचन संविधानले तोकिएकै समयमा गर्न आवश्यक छ । यसो गर्न सक्नु भयो भने मात्र विगतमा उठेका उहाँको कार्यक्षमताका प्रश्नहरू सधैंका लागि समाप्तिहुन् ।

यसका सायै नेपाली कांग्रेसले भात् संगठन, शुभेच्छुक संस्था र विभागिय कार्यदलमा रहने शक्तिलाई चुनाव जिल्ने रणनितिको रूपमा प्रयोग गर्नु आवश्यक छ । जसको लागि नेपाली कांग्रेसको विधानले प्रदान गरेको अधिकारलाई प्रयोग गरी भात् संगठन सायै नेपाली कांग्रेसका विभागलाई तुरन्त गठन गरिनु पर्दछ । भात् संगठनको लुतोको रूपमा रहेको टिके संस्कृतिको अन्त्य गर्न अब बिलम्ब गर्नु हुँदैन । लोकतन्त्रको हिमायति पार्टीको पार्टी सभापति र सरकार प्रमुख रहेका देउवाले पार्टीको आन्तरिक लोकतन्त्रलाई बलियो बनाउदै स्वयं आफू ४६ वर्षमा गृहमन्त्री र ५० वर्षमा प्रधानमन्त्री भएको कुरालाई स्मरण गर्दै नव निर्वाचित पदाधिकारी र सदस्यहरूलाई समेत पार्टी निर्माण र सरकार संचालनको राजकाज सिकाउनु उहाँको दायित्व र कर्तव्यभित्र पर्ने कुरालाई मनन गर्नु आवश्यक छ ।

आफ्नो जीवनको उत्तरार्धमा रहेका पार्टी सभापतिले राष्ट्रियता माटो हेछन, जनताको सामुहिक भावना र विचार हो भन्ने कुरालाई आत्मसात गर्नु आवश्यक छ । यसको सायै जसले जनताको भावना र विचार बोल्दछ त्यसलाई नै आसन्न तिनै तहको निर्वाचनमा टिकट दिने नीति तय गरी सोही बनोजिम गर्नु आवश्यक छ । ड्रिमेकी र अन्तराष्ट्रिय जगतसँगको सम्बन्ध र सम्झौतालाई समेत मध्येनजर गरी Millennium Challenge Corporation (MCC) र Belt and Road Initiative (BRI) जस्ता अन्तर्राष्ट्रिय लगानिलाई आम नागरिकको विचमा लगि छलफल गरी कार्यान्वयन गराउने दिशातर्फ गएमा यसबाट पार्टीलाई हुने दिर्घाकालीन क्षतिलाई न्यून गर्न सकिन्छ भन्ने उदघोष स्वयं पार्टी सभापति र सरकार प्रमुखबाट आउनु आवश्यक छ । यसको सायै नेपाल सरकारले के-कस्ता विदेशी सहयोग र ऋणहरू मागे हो सोको लागि समेत नागरिकबाट अनुमोदन गरिनु आवश्यक छ । देशको विकासको लागि वैदेशिक ऋणको मुख तानेने परम्परालाई तोडेर देशभित्रैको स्रोत र साधनको अधिकतम उपयोग गर्न गरि रणनीति ल्याईनु आवश्यक छ । बीपीले भन्नु भएको थियो 'म कुनै आर्थिक विशेषज्ञ होइन, तर जुन विकासले ग्रामीण जनतालाई पछाडि छोडिदिन्छ त्यो विकास विकास नै होइन' यही कुरालाई मनन गर्दै समय देशको विकासको खाका कोर्न अब ढिला गर्नु हुँदैन ।

नेपालको संविधान २०७२ को मौलिक हकमा व्यवस्था भए बमोजिम नागरिकको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तु जस्तै: शिक्षा र स्वास्थ्यमा राज्यको पूर्ण नियन्त्रण हुने नीति ल्याई त्यसलाई पूर्ण रूपमा कार्यन्वयन गराउने दिशातर्फ लागेमा बीपीले देखेको समाजवादको सपना पूरा गर्न अवसर नेपाली कांग्रेसलाई मिलेको छ भने अर्कोतर्फ युवा देउवामा बीपीले देखेको जोश, जागर र आत्मविश्वास पनि पूरा गर्न अवसर स्वयं देउवाको सामु छ । संविधानको पूर्ण रूपमा कार्यान्वयन गरी मुलुकमा सु:साशन कायम गरी आम नागरिकलाई यसको प्रत्याभूति गराउनु देउवाको प्रमुख जिम्मेवारी हो । देशमा रहेका सम्पूर्ण राजनैतिक दल, विदेशी कुटनैतिक नियोग र संघ तथा संस्थाको समेत साथ र सहयोग लिएर स्वास्थ, शिक्षा, परराष्ट्र, सुरक्षा जस्ता राष्ट्रिय सहमतिका अति महत्वपूर्ण विषयवस्तुलाई राष्ट्रिय नीतिको रुपमा तयार गरी त्यसलाई सफल कार्यान्वयनको बाटोमा लगेमा दशकौंदेखि आम नागरिकले खोजेको जनताको नेता बन्ने सुवर्ण अवसर देउवालाई मिलेको छ ।

सुर्य पनि अस्ताउन मात्र आउछ भनेर होच्याईने सुदुरपरपश्चिमको विकट स्वन्नोलामा जन्मी आफ्नै बलबुतामा इतिहास रचेका लोकतान्त्रिक व्यवस्थाका धरोहर सभापति देउवाले यी असल कार्यको थालनि गरिदिनु भएमा जसरी १४औं महाधिवेशनमा बीपी जत्तिकै संगठनमा साथ पारए कद उचाल्नु भएकोछ भेलिका दिनमा पनि राजनेताका रुपमा इतिहासले सम्झिने कुरामा दुईमत हुन सक्दैन ।

(नेता नेपाली कांग्रेस तथा ग्राम व्यवस्थापन विज्ञ)

- साभार: इकाराज

सरकार कानुनदेखि किन डराउँछ ?

गौरीबहादुर कार्की

विषी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन-२०४९ अनुसार धरान जिल्लामा २०५० सालमा यो प्रतिष्ठान गठन भएको थियो । यसले स्वास्थ्य क्षेत्रको शिक्षा, उपचार, तालिम, अनुसन्धान र सामुदायिक स्वास्थ्य सेवालाई उन्नत बनाउन राष्ट्रियस्तरकै उत्कृष्ट केन्द्रका रूपमा काम गर्दै आएको थियो । पूर्वान्चलका लागि यसलाई स्वास्थ्य विश्वविद्यालयका रूपमा विकास गरिनु आवश्यक भइसकेको थियो ।

तर पछिका राजनीतिक नियुक्तिले प्रतिष्ठानलाई धराशायी पर्दै लग्यो । पदाधिकारीहरू स्वास्थ्य क्षेत्रको पठनपाठन र अनुसन्धानमा भन्दा कमाउधन्दातिर चुर्लुम्म डुब्न थाले । उपकुलपति डा. बलभद्र दासका पालादेखि प्रतिष्ठानमा विकृति बढी माझमा भिचिन थाल्यो । त्यसपछिका उपकुलपति डा. राजकुमार रौनियार त भ्रष्टाचारमा रंगेहात पकाउ नै परे । उनीपछि प्रधानमन्त्री केपी ओलीका पालामा स्वास्थ्यमन्त्री भानुभक्त ढकालको जोडमा डा. ज्ञानेन्द्र गिरीलाई नियुक्त गरियो ।

गिरीको पालामा मेडिकल सामान खरिद, भवन निर्माण लगायत क्षेत्रमा भ्रष्टाचारमा प्रतिष्ठान चुर्लुम्मै भयो । व्यापक विरोध भयो । डा. गिरीको प्राध्यापक उपाधिमाथि प्रश्न उठ्यो । गिरीले अमेरिकाको कोलोराडो विश्वविद्यालयबाट प्राध्यापकको उपाधि पाएको बताएका थिए । तर उनले पढेको भनेको विश्वविद्यालयले नै उनलाई 'नचिन्ने' बताइदियो । यसरी प्रतिष्ठानमा भ्रष्टाचार र बेथितिको भण्डाफोर भएको वर्षौं भइसक्यो । त्यति बेला चिकित्सा शिक्षा जाँचबुझ आयोगले पनि यो प्रतिष्ठानका केही विकृतिहरू उजागर गरेको थियो ।

केही समयअघि स्वास्थ्य मन्त्रालयका सहसचिव वैकण्ठ अर्यालको संयोजकत्वमा ८ सदस्यीय समितिले छानबिन गरी प्रतिवेदन पेश गरेको थियो । सो प्रतिवेदनले प्रतिष्ठानमा विभिन्न विकृति र अनियमितता भएको देखायो । डा. गिरीको प्राध्यापकको उपाधि र वर्तामा कमसा गत असार १५ गते उनी मादक पदार्थ सेवन गरेर प्रतिष्ठानमा आएको सिसिटिभी फुटेजबाट देखिएको सम्बन्धमा समेत कारबाही अगाडि बढाउन प्रतिवेदनले सुझाएको थियो ।

पछि हालका स्वास्थ्यमन्त्री विरोध खतिवडाको संयोजकत्वमा गठित छानबिन समितिले पनि विभिन्न आर्थिक अनियमितता, महँगोमा सामान खरिद, उपकुलपति डा. गिरीको योग्यतामा छानबिन आवश्यक भन्ने लगायत अनियमितताहरू देखायो । जसमा ७५ करोड रूपैयाँ लागतको भवन दुई अर्ब ३३ करोडमा ठेक्का दिइएको भनिएको छ । त्यो भवन निर्माणको म्याद थप्दा पनि अधुरै छ । मेडिकल उपकरण खरिदमा २८ गुणासम्म बढी भुक्तानी गरिएको लगायत प्रश्नहरू छानबिन प्रतिवेदनले देखाएका थियो । प्रतिष्ठानमा हुकंको बेथिति, भ्रष्टाचार र अनियमितता सम्बन्धमा प्रतिष्ठानका चिकित्सक र कर्मचारीहरू ६ महिनाभन्दा बढी समयदेखि आन्दोलनरत छन् । प्रतिष्ठानका चार पदाधिकारीहरू- उपकुलपति डा. ज्ञानेन्द्र गिरी, रजिस्ट्रार डा. मोहनचन्द्र रेग्मी, शिक्षाध्यक्ष प्रा. डा. गुरु खनाल, अस्पताल निदेशक प्रा. डा. गौरीशंकर साहको बहिर्गमनका लागि प्रतिष्ठानका बिभिन्न पदाधिकारीबाट संघर्ष समिति गठन गरेर विरोध भइरहेको हो । रजिस्ट्रार रेग्मीले भने राजीनामा दिइसकेका छन् ।

गत साउन १९ मा सार्वजनिक भएको वैकुण्ठ अर्याल प्रतिवेदनका सम्बन्धमा ०७८ असार २० मा प्रतिष्ठानको शुद्धीकरण अभियान संघर्ष समितिका संयोजक डा. एसपी रिमाल र स्वास्थ्य मन्त्रालयका प्रतिनिधिका संयोजक डा. कृष्णप्रसाद पौडेलहरूबीच कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्ने-गराउने, चारै पदाधिकारीलाई हटाउन प्रक्रिया सुरू गर्ने सम्बन्धमा समेत ६ बुँदे सहमति भएको थियो । तर ६ महिना बित्दा पनि सहमति कार्यान्वयन भएको छैन ।

अहिलेको सरकारका स्वास्थ्यमन्त्री विरोध खतिवडाको अध्यक्षतामा गठित समितिले प्रतिष्ठानका ती चार पदाधिकारीलाई दोषी देखाउँदै कानुनबमोजिम पदबाट हटाउनका लागि गरेको सिफारिस पनि दुई महिनादेखि थन्किएको छ । पछिल्लो आठ महिना प्रतिष्ठानबाटै आन्तरिक रूपमा तयार पारिएका चारवटा र उच्चस्तरीयका पाँचसमेत गरेर जम्मा दसवटा छानबिन प्रतिवेदनहरू दुसी परेर थन्केका छन् । ती प्रतिवेदनअनुसार केही कुरा कार्यान्वयनमा आएका छैनन् ।

अक्षियारको छानबिन गर्ममै छ । उपकुलपतिमाथि प्रतिष्ठानमा किटानीका साथ भ्रष्टाचार र योग्यतामा प्रश्न उठाइँदा पनि कुनै सवालमा सरकार सकारात्मक भएन । पदाधिकारीलाई हटाउन प्रतिष्ठान ऐन-२०४९ को दफा ११ (घ) अनुसार सिनेट बैठक एउटा वैधानिक बाटो हो । भ्रष्टाचार, अनियमितता र अक्षियार दुरुपयोग अनुसन्धान आयोगमा पनि कानुनी कारबाही गर्न सकिन्छ । तर यी दुवै बाटोतर्फ सरकार लागेको पाइँदैन । प्रधानमन्त्री केपी ओलीका पालामा आफैले नियुक्त गरेका उपकुलपति डा. ज्ञानेन्द्र गिरीलाई हटाउने कुरा अगाडि बढ्ने कुरै देखिएन । अहिले सरकार फेरिँदा र आफ्नै स्वास्थ्यमन्त्रीको प्रतिवेदन आउँदा पनि सरकार सकारात्मक हुन सकेन । अहिले आहर प्रतिष्ठानको बेथिति सम्बन्धमा सरकार केही बिउँझिएस्तो देखिएको छ । सरकारले यही माघ ७ गते प्रतिष्ठानका विवादित पदाधिकारीलाई काम नगर्न निर्देशन दियो ।

त्यस्तै गत पुस ३० गतेको मन्त्रिपरिषद बैठकको निर्णयअनुसार अस्पतालको र प्रतिष्ठानको दैनिक प्रशासनिक कार्य सञ्चालन गर्न अन्य व्यवस्था नभएसम्मका लागि स्वास्थ्य मन्त्रालयका बाह्री तहका अधिकृत एवम् प्रमुख विशेषज्ञ डा. श्यामसुन्दर यादवलाई खटाइएको छ । प्रतिष्ठानको आर्थिक प्रशासन तथा खाता सञ्चालन गर्ने गरी स्वलगतरूपमा खटिएर काम गर्न महालेखा नियन्त्रक कार्यालयबाट द्वितीय श्रेणीका अधिकृत खटाइने भएको छ । प्रतिष्ठान तथा अस्पतालको बैंक खाता डा. यादव र महालेखा नियन्त्रक कार्यालयबाट खटिने कर्मचारीले संयुक्त रूपमा सञ्चालन गर्नेछन् ।

मन्त्रालयले पहिले प्रतिष्ठानका प्रमुख पदाधिकारीहरू- उपकुलपति, शिक्षाध्यक्ष, रजिस्ट्रार र अस्पताल निदेशकलाई दैनिक कामकाजहेक अन्य काम नगर्न आदेश दिएको थियो । अहिले भने दैनिक काम कारबाही नगर्ने भनी मन्त्रिपरिषदबाट निर्णय भएअनुसार प्रतिष्ठानलाई पत्र लेखेको छ । तर पदाधिकारीहरूलाई यी-यी कारणले तपाईंहरूलाई कामबाट बञ्चित गर्नुपरेको भनी जानकारी दिइएको छैन । स्वास्थ्य मन्त्रालयले प्रतिष्ठानलाई लेखेको पत्रमा ऐनको दफा २० (क) अनुसार मन्त्रिपरिषदको ३० पुसको निर्णय कार्यान्वयन गर्न स्वास्थ्यमन्त्री एवं प्रतिष्ठानका सहकुलपतिबाट निर्देशन भएबमोजिम भनेर लेखेको छ ।

सहकुलपतिको मात्र निर्देशन नभई नेपाल सरकार मन्त्रिपरिषदकै निर्णय भएकले निर्णयको वैधताका सम्बन्धमा अन्यथा भनिरहनुपरेन । तर सरकारको निर्णय कानुनसम्मत छ कि छैन भनेर हेर्दा केही असामान्य कुराहरू देखिएका छन् । विषीको कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन-२०४९ अनुसार यो प्रतिष्ठान सञ्चालन हुँदै आएको छ । यो ऐनको दफा ४ अनुसार प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हो । ऐनको दफा २० (क) अनुसार सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिनसक्ने प्रावधान छ । यस प्रावधानअनुसार प्रतिष्ठानलाई नीतिगत वा अन्य कामकारबाहीमा यसो गर्न वा नगर्न निर्देशन दिनसक्ने हो । डा. यादवलाई अस्पताल र प्रतिष्ठानको दैनिक प्रशासनिक कार्य सञ्चालनको अधिकार दिइएको छ । अब उपकुलपति, रजिस्ट्रार लगायत सबै पदाधिकारीको काम डा. यादवबाट हुनेछ । खाता सञ्चालन गर्न, कार्यरत जनशक्तिलाई आवश्यकताअनुसार काममा लगाउने र अन्य कुनै खास कामका लागि मन्त्रालयमा कार्यरत जनशक्तिलाई काममा लगाउनुपर्ने भए मन्त्रालयको स्वीकृति लिई खटाउने अधिकार पनि दिइएको छ । प्रतिष्ठानको दैनिक बाहेक अन्य योजना, विकास आदि काम गर्न भने अधिकार दिइएको छैन ।

ऐनको व्यवस्थानुसार अस्पताल प्रतिष्ठानकै अभिन्न अंग हो । अस्पतालको काम र प्रतिष्ठानको दैनिक काम गर्न बाहिरिया अन्य कुनै अधिकारीलाई अधिकार दिनसक्ने गरी ऐनमा कुनै प्रावधान नै पाइँदैन । ऐनका दफा २० (क) मा भएको प्रावधान भनेको त आवश्यक निर्देशन दिन सक्ने हो । आवश्यक निर्देशनभित्र कुनै कानुनी पदाधिकारीको काम गर्ने, लेखा सञ्चालन गर्ने लगायतका कामकारबाही पर्दैनन् । ती काम कारबाही गर्न त ती पदाधिकारीहरू निलम्बन वा उनीहरूमाथि मुद्दा चलेको हुनुपर्छ । त्यस्तो अवस्थामा कारण खुलाएर प्रतिष्ठानकै अर्को पदाधिकारीलाई कार्य सञ्चालन गर्न खटाउन सकिन्छ । अथवा प्रतिष्ठानका पदाधिकारी निलम्बनमा परेकाले तत्काल कार्य सञ्चालन गर्न भनी अन्य अधिकारीलाई खटाउन सकिन्छ ।

तर विवादित चार पदाधिकारी निलम्बनमा परेका छैनन् । उनीहरूलाई कामबाट बञ्चित मात्र गरिएको छ । यसै प्रतिष्ठानका पदाधिकारीलाई काम रोक्न आदेश दिएकामा के कारणले काम रोक्नुपर्ने, सरकारले यो निर्णय किन गर्नुपरेको हो भन्ने सम्बन्धमा केही खुलाइएको छैन । प्रतिष्ठान धराशायी भए गइसकेकोमा विवाद छैन । यस्तो अवस्थामा पनि प्रतिष्ठानलाई बचाउने दिसाबले सरकारले निर्णय गर्न सकेको छैन । झारा टार्ने हिसाबले कानुन विपरीत निर्णय भएको छ ।

सरकारले यसरी कानुनको रीत नपुऱ्याई गलत रूपमा निर्णय गर्दै जाने हो भने बिनाकारण दैनिक काम गर्न रोकेका ती अधिकारीलाई साबिक बमोजिमको पदमा रहेर काम गर्न दिनू भनी अदालतले आदेश दिन सक्छ । अदालतले कानुन हेर्छ, सरकारको मिशी मनसाय र इच्छा बुझ्ने कुरा हुँदैन । आफू गलत रूपमा निर्णय गर्ने अनि पछि भ्रष्टहरूलाई अदालतले हाजिर गरायो भनेर अदालतमाथि सत्तापक्ष आक्षेप लगाइन्छ । कानुनको गलत प्रयोग गर्नु भनेको मुद्दाबाट जिल्ने गरी ती विवादित पदाधिकारीहरूकै पक्षमा निर्णय गरेको पनि हुन जान्छ ।

(लेखक गौरीबहादुर कार्की चिकित्सा शिक्षा जाँचबुझ आयोगका पूर्व अध्यक्ष हुन् ।)

- साभार: सेतापाटी

खेलकुदमा पनि अब निजी क्षेत्रसँग सहकार्य !

काठमाडौं (रासस)/ सरकारले खेलकुद क्षेत्रमा निजी क्षेत्रसँगको सहकार्य बढाउने सोच अघि सारेको छ । निजी क्षेत्रको सहभागिता र सहकार्यले नेपालको खेलकुदको विकास र विस्तारका लागि ठूलो योगदान पुग्ने अपेक्षा गरिएको छ ।

युवा तथा खेलकुद मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले मुलुकको खेलक्षेत्रको विकास मन्त्रालयको मूल प्राथमिकतामा रहेता पनि निजी क्षेत्रसँग पनि सहकार्य बढाउने सोच बनाइएको बताए । उनले भने, "आगामी वर्षको बजेटमा खेलकुदको विकासमा निजी क्षेत्रको सहकार्य प्रवर्द्धन गर्ने कार्यक्रम ल्याउने सोच बनाएका छौं ।"

निजी क्षेत्रका बैंक तथा वित्तीय संघसंस्थाले अहिले नै पनि खेलाडी उत्पादन र विभिन्न खेलकुद प्रतियोगितामा प्रायोजन गरी खेलकुद क्षेत्रको विकास र विस्तारमा योगदान पुऱ्याउँदै आएका छन् ।

निजी क्षेत्रबाट खेल पूर्वाधार तयार निर्माण र खेलाडी उत्पादनमार्फत देशको खेल क्षेत्रको नतिजा अब्बल तुल्याउन अझै योगदान हुने आशा गरिएको छ ।

सचिव डा. रेग्मी भन्छन्, "सरकारी क्षेत्रबाट मात्रै खेल क्षेत्रका विकास गर्छुभन्दा अघुरो र अपूरो हुन्छ । निजी क्षेत्र हरक्षेत्रमा प्रखर र प्रबल साझेदारका रूपमा रहिआएको छ । खेल क्षेत्रमा पनि निजी क्षेत्रबाट वित्तीय र अरू संघसंस्थाका माध्यमद्वारा सहयोग हुँदै आएको छ ।" पछिल्लो समय राजधानीलगायतका देशका मुख्य सहरमा निजी क्षेत्रका माध्यमद्वारा फुटसलको हवाती विस्तार भएको छ । फुटसल विस्तारले पनि खेल क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढ्दै गएको पुष्टयाई गरेको छ ।

खेल पूर्वाधार र मैदान निर्माणमा पनि निजी क्षेत्रको सहभागिता बढ्दै गएको पाइएको छ । मानव जीवनलाई स्वस्थ, अनुशासित एवं सक्रिय तुल्याउने भरपर्दो माध्यमका रूपमा रहेको खेलकुदले राष्ट्रिय एकता सुदृढ र आइचारा अभिवृद्धि गर्न ठूलो योगदान पुऱ्याउँछ ।

स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमका रूपमा विकास गर्ने नीति सरकारले लिएको छ ।

देशमा खेलकुदको विकासका लागि मुख्यरूपमा खेलाडी उत्पादन, खेल पूर्वाधार र प्रतिस्पर्धी क्षमता प्रवर्द्धन गर्न प्रतियोगिता आवश्यक पर्छ । खेल क्षेत्रको विकासका लागि सरकारी संयन्त्रका रूपमा मन्त्रालय, खेलकुद परिषद्, प्रदेशमा सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखासहितको संरचना सरकारले स्वीकृत गरेको छ । ती संयन्त्र सरकारी नीति, नियम, वार्षिक कार्यक्रम र वार्षिक बजेटअनुसार परिचालित हुँदै आएका छन् ।

भौगोलिक र हावापानीको विविधताका कारण नेपालका जुनसुकै क्षेत्रमा पनि खेलकुदको सम्भावना प्रबल छ । मुलुकको ठूलो हिस्सा पहाड र पर्वत रहेकाले नेपालमा सहासिक पर्वतीय खेलकुदको सम्भावना प्रशस्त छ । पर्वतीय खेललाई प्रोत्साहन गर्न यही अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गराउनुपर्छ भन्ने पछिल्लो समय व्यापक आवाज उठेको छ । यसमा पनि निजी क्षेत्रको सहभागिता बढाउने सकिन्छ ।

डिजरुपटिकपमा फैलिरहेको कोभिड-१९ संक्रमण जोखिम कम हुनाताथ निजी क्षेत्रसँग खेलकुदको विकासमा सहकार्यका लागि मन्त्रालयले छलफल गर्ने सचिव रेग्मीले बताए । उक्त छलफलपछि मन्त्रालयले खेलकुदमा निजी क्षेत्रको संलग्नता बढाउन कार्यदल बनाएर काम गर्नेछ ।

हालकै नीति र नियममित्रै सम्बोधन गर्न सकिने सम्भावनालाई तत्काले सम्बोधन गरेर अघि बढ्ने मन्त्रालयले सोच अघि बढाएको छ । छिमेकी मुलुकमा खेलकुदको विकासमा निजी क्षेत्रको ठूलो योगदान रहेकाले नेपालमा पनि निजी क्षेत्र प्रबल सहयोगी र साझेदार बन्न सक्छ भन्ने मन्त्रालयको बुझाइ छ ।

स्वस्तिमाको मलयाली डान्सबाट के कुरा बुझ्न पर्च ?



काठमाडौं/नेपालमा समेत सुटिङ भएको मलयालम फिल्ममा नेपाली अभिनेत्री स्वस्तिमा खड्कालको पनि अभिनय रहने कुराले स्वस्तिमाका फयान दंग थिए । केही दिनअघि फिल्मको ट्रेलरमा स्वस्तिमालाई दुई सट देख्दा मात्र पनि स्वस्तिमाले दक्षिण भारतमा नेपालको नाम चम्काइन लागेको भन्दै फ्यानले प्रशंसा गरेका छन् ।

निर्माण टिमले ट्रेलरपछि स्वस्तिमालाई मात्र फिचर गरेको आइटम गीतको टिजर सार्वजनिक गर्यो र अहिले पूरा गीत । तर पूरा गीतले मलयालममा के गर्ला थाहा छैन नेपालमा भने हल्का तरंग सिर्जना गरेको छ । पहिलो त मलयालम फिल्ममा स्वस्तिमा हिन्दी गीतमा नाचेकी छिन् ।

ट्रेलर र गीतको पृष्ठभूमि हेर्दा लाग्छ, केरलाबाट घुम्न आएका भारतीय नेपालमा बेश्यालय खोज्दै स्वस्तिमा नाच्ने ठाउँमा आइपुग्छन् र त्यहाँ भोगका लागि राखिएका तस्विर हेर्दै मन परेको युवती छान्छन् । केही अघिसम्म यस्ता तस्विर राख्ने ठाउँमा निर्माण टिमले नेपाली अभिनेत्री अदिती बुढाथोकी र जसिता गुरुङकी तस्विर राखेको थियो । यो सम्बन्धमा समाचार आएपछि निर्माण टिमले दुवै अभिनेत्री भएको भाग हटाइसकेको छ । तर सामाजिक सञ्जालमा स्वस्तिमा नेपाललाई गलत तरिकाले चित्रण गर्ने गीतमा नाच्न कसरी राजी भइन् भन्ने प्रश्न उठेको छ ।

सामाजिक सञ्जालमा उठेका प्रश्न नाजायज पनि होइन्न । पहिलो कुरा त गीतले नेपालमा केटीहरु भोग्नका लागि छानी छानी पाइने देखाएको छ । यो त नेपालको गलत छवि पेस गर्ने दृश्य भयो ।

मलयाली निर्देशकले यस्तो कल्पना गरे होलान् तर स्वस्तिमाले यस्तो सन्देश दिन् हुँदैन भनेर रोक्न पर्दैन ? यस्ता गीत खेल्दिर्न भन्न पर्दैन ? पाएँ भन्दैमा अलकत्रै खाइदिने । कि उनले प्रकाश सपुतको गीतमा झैं 'कुरा बुझ्न पर्च' भनेर नारी अधिकारका कुरा मात्र गरेर पुग्छ ? सामाजिक सञ्जालमा स्वस्तिमाको दोहोरो चरित्रमाथि प्रश्न उठेको छ । - साभार: इकागज

अस्पतालका सेवा संचालन गर्नै मुस्किल

चितवन (रासस)/ चितवनका अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीमा कोरोनाको संक्रमण तीव्र बढेपछि अस्पतालको सेवा प्रभावित हुन थालेको छ ।

भरतपुर अस्पतालले जिओपिडि र नियमित शल्यक्रिया सेवा आइतबारदेखि बन्द गरेका छन् । शुक्रबारसम्म अस्पतालमा ११ चिकित्सकसहित ७७ स्वास्थ्यकर्मी तथा कर्मचारी संक्रमित भइसकेका छन् । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट प्राडा कृष्णप्रसाद पौडेलका अनुसार जिओपिडि हेर्ने चिकित्सकले कोभिडका बिरामी हेर्नुपर्ने भएकाले तत्कालका लागि सेवा बन्द गरिएको हो । अस्पतालले बहिरङ्ग सेवामा चाप घटाउन बिहान ८:३० बजेबाट जिओपिडि सञ्चालन गरेको थियो ।

छिट्टो अस्पताल आउने बिरामीका लागि लामो समय कुनुपर्ने बाध्यतासमेत हटेको थियो । यस्तै पछि शल्यक्रिया गर्न मिल्ने बिरामीको शल्यक्रिया पनि तत्कालका लागि रोकिएको हो । यसबाट बिरामीलाई समस्या नपर्ने पौडेलको भनाइ छ ।

अस्पतालका सूत्रका अधिकारी गोपाल पौडेलका अनुसार परीक्षण नगरिएका धेरै चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीमा पनि संक्रमणको लक्षण देखिएका छन् । दैनिक यो संख्या बढ्दो छ । अन्य विभागमा पनि जनशक्तिको समस्या भए पनि आलोपालो गरेर व्यवस्थापन गरिएको उनले बताए । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा पनि ठूलो संख्यामा चिकित्सक तथा स्वास्थ्यकर्मी कोरोनाबाट प्रभावित भएका छन् । अस्पतालका कार्यकारी निर्देशक डा.



देजकुमार गौतमका अनुसार नौ चिकित्सक, ६९ स्टाफ नर्ससहित १३६ स्वास्थ्यकर्मी, कर्मचारी संक्रमित भएका छन् । अस्पतालमा धेरै चिकित्सक, स्वास्थ्यकर्मी संक्रमित हुँदा सेवा नरोकिएकी भए पनि पहिले कै सञ्चालन गर्न नसकिएको उनले बताए ।

स्वास्थ्य कार्यालयका प्रमुख दीपक तिवारीले स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी संक्रमित हुने दर बढ्दै गएको भन्दै खोप सेवा प्रभावित हुनसक्ने बताए ।

उनले भने, "संक्रमित हुने क्रम बढ्यो, नियमित सेवासँगै खोपमा काम गर्न जनशक्ति अभाव हुन थालेको छ ।" भरतपुर अस्पताल विकास समितिका अध्यक्ष डा. भेजराज अधिकारी यही ढंगले संक्रमित बढ्दै गयो भने सामान्य अवस्थाका संक्रमित चिकित्सक स्वास्थ्यकर्मीले संक्रमित बिरामीलाई उपचार गर्नुपर्ने अवस्था आउने बताउँछन् । उनले भने, "सबै संक्रमित भए भने गर्न सक्नेले उपचार त गर्ने पन्यो नि ।"

चितवन मेडिकल कलेजका अध्यक्ष एवं प्रवन्ध निर्देशक प्रा डा हरिचन्द्र न्यौपानेले अस्पताल चिकित्सक स्वास्थ्यकर्मी आधा संक्रमित भइसकेको बताए । उनले भने, "सामान्य लक्षण भएर चिकित्सक स्वास्थ्यकर्मी काम गरिरहेका छन्, परीक्षण गऱ्यो भने उनीहरुलाई पनि संक्रमण देखिन सक्छ ।" यस्तै अवस्था रहेमा संक्रमितले संक्रमितको उपचार गर्नुको विकल्प नहुने उनको भनाइ छ ।

छोटो समयमैनिको भएकले ठूलो जटिल अवस्था नआउनेमा आस्तुरु ढुक्क रहेको न्यौपाने बताउँछन् । जिल्लामा संक्रमितको संख्या दुई हजार ७३६ जना पुगेको छ । त्यसमध्ये ४७ जनाको अस्पतालमा उपचार भइरहेको छ भने बाँकी घरकै आइसोलेशनमा रहेका छन् ।

'विश्वसम्पदा'मा सूचीकृत हुन मन्त्रिपरिषद् निर्णय कुर्दै पनौती

कञ्चनलाञ्चोक (रासस) / ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक नगर पनौती विश्व सम्पदामा सूचीकृत हुन मन्त्रिपरिषद् निर्णयको पखाँइमा रहेको छ । सूचीकृत हुनुपर्व आवश्यक सम्पूर्ण प्रशासनिक प्रक्रिया सकेर एक वर्षभि नै मन्त्रिपरिषद्मा 'फाइल' गरेको नगरपालिकाले जनाएको छ ।

पनौती नगरपालिका-७ विश्व सम्पदामा सूचीकृत गर्न संयुक्त राष्ट्रसंघीय अंग (युनेस्को)द्वारा २५ वर्षभि प्रस्ताव गरिएको क्षेत्र हो । सूचीकृतको अन्तिम प्रक्रिया नेपाल सरकार मन्त्रिपरिषद् बैठकको निर्णयको पखाँइमा रहेको हो ।

"सम्पूर्ण काम सकेर मन्त्रिपरिषद्मा बुझाइएको छ, बैठकको निर्णयलगरै पनौतीलाई युनेस्कोले विश्व सम्पदा सूचीमा सूचीकृत गर्नेछ", नगरप्रमुख भीम न्यौपानेले भने । उनका अनुसार मन्त्रिपरिषद्ले निर्णय गरेपछि उक्त निर्णयको आधारमा युनेस्कोले पनौतीलाई विश्व सम्पदामा सूचीकृत गर्नेछ ।

नेपालस्थित मन्त्रिपरिषद्को निर्णयलगरै विश्व सम्पदामा सूचीकृत हुने युनेस्कोको नेपालस्थित कार्यालयले समेत जनाएको छ । पनौती नगरलाई विश्व सम्पदामा सूचीकृत गर्ने कार्य गत साल नै अघि बढाइएपछि फ्रेन्सकोको नेपाल प्रमुख क्रिष्टिएन मनटर्टले पनौतीका ऐतिहासिक, धार्मिक तथा पुरातात्विकलगायत सम्पदाको अवलोकन गरेका थिए ।

अवलोकनका क्रममा मनटर्टले विशेष रुचिपूर्वक मठमन्दिर तथा पुराना नेपाली मौलिकता बोकेका घरलाई विश्व सम्पदामा सूचीकृत गर्न युनेस्को तयार भएको स्थानीय जनप्रतिनिधिलाई जानकारी गराएपछि नगरपालिकाले लागि आवश्यक



बजेट छुट्याएर प्रक्रिया अघि बढाएको न्यौपानेले बताए । देशमा राजनीतिक उतारचढाव, सरकार परिवर्तन, कोरोना संक्रमणले परेको प्रतिकूल प्रभावका कारण एक वर्षदेखि मन्त्रिपरिषद्मा पनौतीको विषयले प्राथमिकता नपाउँदा विश्व सम्पदामा सूचीकृत हुन नपाएको बताइच्छ ।

"हामी बाह्रवर्षे मकर-मेला अर्थात् यही माघअघि विश्व सम्पदा सूचीमा सूचीकृत हुने अपेक्षामा थियौं, विविध कारणले रोकिएको छ", न्यौपानेले भने । उनले मन्त्रिपरिषद्को कार्यसूचीमा प्राथमिकतामा नपरेका कारण प्रक्रिया लम्बिनसक्ने बताए ।

पनौतीलाई सरकारले प्राचीन स्मारक संरक्षण ऐन २०३१ अनुसार २०५८ सालमा 'स्मारक क्षेत्र' घोषणा गरिसकेको छ । मन्त्रिपरिषद्को निर्णयपछि युनेस्कोको फ्रान्सको पुरातत्व विज्ञ टिमले पुनः पनौतीको अनुगमन निरीक्षण गर्नेछ । सूचीकृतको यस प्रक्रियामा पनौतीमा ७२ वटा मौलिक नेपाली घरसमेत निर्माणको काम प्रमाथम भइरहेको छ । नगरपालिकाद्वारा सांस्कृतिक पर्यटन विकासका लागि कलात्मक काठ बनाउने तालिम, होमस्टे (घरबास) सञ्चालन र पुरातात्विक सम्पदाको संरक्षण कार्यक्रम सञ्चालन गरिसकेको छ ।

पनौती विश्व सम्पदामा सूचीकृत भएपछि 'पनौती युनेस्को विश्व सम्पदा क्षेत्र' भनिनेछ । युनेस्कोले कुनै पनि राष्ट्रको विशेष सांस्कृतिक महत्व रहेको (जसै : वन, पहाड, ताल, द्वीप, मरुभूमि, स्मारक, भवन, वा सहर)धरोहरलाई आफ्नो सूचीमा सूचीबद्ध गर्ने गर्दछ । जुन विश्व सम्पदा समितिद्वारा चयन गर्ने गरिन्छ । सोही समितिले नै यस सम्पदा क्षेत्रको रेखदेख युनेस्कोको तत्वाधानमा हुने नीति छ । युनेस्कोको नेपालस्थित निकायले २०५२ सालमै पनौतीलाई मध्यकालीन वास्तुकला क्षेत्र जनाउँदै विश्व सम्पदामा सूचीकृत गर्न प्रस्ताव गरेको थियो ।

त्यसयता जनप्रतिनिधि तथा सरोकारवालाहरु बेलाबेलामा सूचीकृतको काम अर्थोमस्ता रुनैं आएको हो । पुरातत्व विभागद्वारा पनौती नगरका ऐतिहासिक मठमन्दिर तथा पुराना कलात्मक शैलीका घरको पुनःनिर्माण भइरहेको छ ।

पनौती नपाको बडा नं ५, ६ र ७ मा एक सयभन्दा बढी ऐतिहासिक मठमन्दिर, पाटी, पौवा रहेका छन् । फ्रान्स सरकारको सहयोगमा २०४८ सालदेखि २०५५ सालसम्ममा ती मठमन्दिर, पाटी, पौवाको मर्मत एवं जीर्णोद्धार गरिएको थियो । पुरातत्व विभागका अनुसार नेपालको चार क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको छ ।

सोमा काठमाडौं उपत्यका (उपत्यका सात क्षेत्र : काठमाडौं दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, पशुपतिनाथको मन्दिर, स्वयम्भूनाथ, बौद्धनाथ र चाँगुनारायण मन्दिर), चितवन राष्ट्रिय निकुञ्ज, लुम्बिनी र सगरमाथा राष्ट्रिय निकुञ्ज रहेका छन् ।

नेपाल सरकारले हालसम्म पनौतीसहित १५ ऐतिहासिक एवं पर्यटकीयस्थललाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न युनेस्कोसमक्ष प्रस्ताव गरेको छ । यसमध्ये पनौती विश्व सम्पदामा सूचीकृत पहिलो हुने देखिएको छ ।

भारतको प्रयागमा गङ्गा र यमुना नदीको संगममा गुप्तरुपले सरस्वती नदी बहेझैं पनौतीस्थित रोशीलाई रुद्रावती नदी, पुयणमाता नदीलाई लीलावती र गुप्तरुपले बोकी ब्रमायणी मन्दिरको मुनिबाट दुध बरुने नदीपद्मावती मानिँदै आइएको छ ।

राजा प्रताप मल्लले विसं १२७ मा रानीपोखरी बनाइसकेपछि भिन्नन तीर्थस्थलको अस्राफो क्रमा पनौतीस्थित त्रिपोषाटको जग पनि राखेको शिलालेखमा उल्लेख गरिएको इतिहासविद्ले जनाएका छन् ।

तीन नदीको सङ्गमस्थल त्रिवेणीघाटमा पुण्यमाता र रोशी खोलाबोके पद्मावती नदी गुप्त रुपमा बहिरहेको मान्यता छ । पनौती संघीय राजधानी काठमाडौंबाट पूर्वतर्फ २५ किलोमिटरको व्यापारिक नगर बनेपाबाट छ किलोमिटर दक्षिणमा पर्दछ ।

चाबहिल र मित्रपार्कमा आकाशे पुलको शिलान्यास

काठमाडौं (रासस)/ काठमाडौंको चाबहिल चौक र मित्रपार्कमा आकाशे पुल बने भएको छ । काठमाडौं महानगरपालिकाको भ्याटबाहेक रु एक करोड ३० लाख ४२ हजार ९७८ लागतमा बन्न लागेको उक्त पुलको आइतबार महानगर प्रमुख विद्यासुन्दर शाक्यले शिलान्यास गरे ।

कार्यक्रममा महानगर-पालिका प्रमुख शाक्यले आकाशे पुल निर्माणसँगै चाबहिल र मित्रपार्क क्षेत्रमा हुने ट्राफिक जाममा कमी आउने बताए । "स्थानीय बासिन्दाको माग्नुनुसार नै पुल शिलान्यास गरेका हौं, स्थानीयको साथ र सहयोग रहेमा तोकिएको समयभन्दा अगावै पुल निर्माण गरिसक्छौं", उनले भने ।

चाबहिल चोकको दक्षिणतर्फ बनाइएको पुलले ट्राफिक जाममा सहज बनाइकाले उत्तरतर्फको भागमा पनि पुल निर्माण गर्न लागिएको उनको भनाइ छ । यस्तै महानगरपालिकाकै लगानीमा जयवागेश्वरी क्षेत्रमा समेत पुल निर्माण भइरहेको छ ।

चाबहिर र गौशाला क्षेत्रमा चार पुल बनाइए पनि सडक दुर्घटना र ट्राफिक जाममा कमी आउने नगरप्रमुख शाक्यले बताए । सबिरा कन्स्ट्रक्सनले निर्माण गर्न लागेको उक्त पुल विसं २०७९ जेठ मसान्तसम्म सम्पन्न गरिसक्नुपर्नेछ । दुवै पुल ३३ मिटर लम्बाइ र दुई मिटर चौडाइका हुनेछन् ।

राप्रपाको चार प्रदेशमा भेला सम्पन्न

काठमाडौं (रासस)/ राष्ट्रिय प्रजातन्त्र पार्टीले चार प्रदेशमा प्रदेशिक भेला सम्पन्न गरेको छ । पार्टीले हाली प्रदेशस्तरीय भेलाका क्रममा लुम्बिनी, गण्डकी, सुदूरपश्चिम र प्रदेश नं २ (हाले मधेस प्रदेश नामकरण) मा राजनीतिक गतिविधि सञ्चालन गरको बताए नेता राजाराम श्रेष्ठले जानकारी दिए ।

पछिल्लो समय बढ्दै गरेको कोराना संक्रमणका कारण बाँकी तीन प्रदेशमा बाहिलेलाई भेला तथा भीडभाड हुने राजनीतिक कार्यक्रम स्थगन गरेको पार्टीले स्थानीय तहको समयावधि सकिन लागेको अहिलेका अवस्थामा नयाँ निर्वाचनअगावै प्रदेश, जिल्ला, क्षेत्र, नगर, वडाहरसम्म संगठन सुदृढीकरणका लागि योजना बनाएको थियो । गत मंसिरमा सम्पन्न पार्टीको महाधिवेशनबाट राजेन्द्र लिंदेनको नेतृत्वमा निर्वाचित कार्यसमितिले कोराना संक्रमण न्यूनीकरण हुँबितिकै भेला तथा संगठन विस्तारका अभियान सञ्चालन गर्ने जनाएको छ ।

पार्टीले संसदीय समिति, निर्देशन समिति, योजना तथा अनुगमनलगायत समिति तथा ४० भन्दा बढी विभाग गठन गर्न बाँकी छ ।

पार्टीले विधानबाट हिन्दू राष्ट्र र संवैधानिक राजसंस्थाको विषय हटाउन हाली निर्वाचन आयोगले दिएको सुझावमा नेता श्रेष्ठले भने, "कुन राजनीतिक दलले कुन सिद्धान्त अवलम्बन गर्ने भन्ने विषय नितान्त पार्टीको हुनुपर्छ, त्यो विचारलाई चुनावमा जनताले अनुमोदन गर्ने वा नगर्ने निर्णय गर्छन् ।"

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सितैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

रसाइलीको 'तिम्रो याद' सार्वजनिक

काठमाडौं (रासस)/ गायक विरेन रसाइलीको स्वर रहेको 'तिम्रो याद' बोलको म्युजिक भिडियो विद्युतीय माध्यमबाट सार्वजनिक भएको छ । गीतमा विजय अधिकारीको संगीत रहेको छ । गीतको रचना दिलीप घिमिरेले गरेको हो । गीतलाई देवेन्द्र नेवाले संगीत संयोजन गरेका छन् । म्युजिक भिडियोमा जीवन भट्टराई, अञ्जना दुवाडी र अमिषा सुवेदीको अभिनय छ । उत्सव दहालले छायांकन गरेको उक्त भिडियोलाई विकास दाहालले सम्पादन गरेको हो । प्रकाश धितालको निर्देशनमा बनेको भिडिया ओएसआर डिजिटलमार्फत सार्वजनिक गरिएको हो ।

आयात १० खर्ब हुँदा निर्यात एक खर्ब १८ अर्ब

काठमाडौं (रासस)/ चालु आर्थिक वर्षको पहिलो छ महिनामा आयातसँगै निर्यातमा समेत वृद्धि भएको छ ।

सो अवधिमा रु नौ खर्ब ९९ अर्ब ३४ करोड २७लाख बराबरको वस्तु तथा सेवा आयात हुँदा नेपालले रु एक खर्ब १८ अर्ब ८५ करोडको मात्र निर्यात गरेको छ । भन्सार विभागको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको पहिलो ६ महिनामा आयात ५९ दशमलव १३ प्रतिशत र निर्यात ९५ दशमलव ४८ प्रतिशतले वृद्धि भएको हो ।

गत आर्थिक वर्षको सोही अवधिमा रु छ खर्ब ६१ अर्ब २४ करोड ५३ लाखको आयात हुँदा नेपालले रु ६० अर्ब ७९ करोड ९२

लाखको निर्यात गरेको थियो । निर्यात बढ्दै गए पनि आयात झन धेरै बढेको हुँदा व्यापार घाटा चुलिँदै गएको छ ।

व्यापार घाटा चुलिँदै

चालु आर्थिक वर्षको पहिलो छ महिनामा व्यापार घाटा ४६ दशमलव ६४ प्रतिशतले बढेर रु आठ खर्ब ८० अर्ब ४९ करोड १७ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा रु ६ खर्ब ४४ करोड ६१ लाखको व्यापार घाटा भएको थियो ।

यसैगरी चालु आर्थिक वर्षको पहिलो छ महिनामा मुलुकको वैदेशिक व्यापार रु ११ खर्ब १८ अर्ब १९ करोड ३६ लाखको भएको छ । गत वर्षको सोही अवधिमा मुलुकको वैदेशिक व्यापार रु ७ खर्ब २२ अर्ब ४५ करोडको भएको थियो । यो गत वर्षको सोही अवधिको तुलनामा ५४ दशमलव ८६ प्रतिशतले बढी हो ।

१४१ देशबाट आयात

चालु आवको पहिलो छ महिनामा नेपालमा १४१ देशबाट रु ९ खर्ब ९९ अर्ब ३४ करोड २७ लाख मूल्य बारबरका विदेशी वस्तुको आयात भएको छ । भन्सार विभागको तथ्याङ्क अनुसार सो अवधिमा सबैभन्दा धेरै आयात भारतबाट भएको छ । भारतबाट सो अवधिमा रु ६ खर्ब तीन अर्ब ५४ करोड ५१ लाखको आयात भएको छ ।

भारतपछि चीनबाट ठूलो मात्रामा आयात भएको छ । चालु आर्थिक वर्षको पहिलो छ महिनामा चीनबाट रु एक अर्ब ४५ अर्ब ९१ करोड ३६ लाख मूल्य बराबरका वस्तु आयात भएको छ ।

यसैगरी नेपालले चालु आर्थिक वर्षको पहिलो छ महिनामा भारततर्फ रु ९६ अर्ब ५६ करोड तथा चीनतर्फ रु ४५ करोड ६२ लाख ४७ हजार मूल्य बराबरका वस्तु निर्यात गरेको भन्सार विभागले जनाएको छ ।

नेपाल एकीकरणको जग, गोर्खा-बंगाल युद्ध

साझाकुरा संवाददाता

हेटौंडा/आज माघ १० गते, विदेशी सेनासँग नेपाली सेनाले लडाई लडेर सबैभन्दा ठूलो जीत हासिल गरेको पहलो युद्ध भएको दिन अर्थात २५९ औं विजयोत्सव ।

नेपाललाई जितेर लुटपाट मच्चाउन आएको विदेशी सेनालाई नेपाली सेनाले पराजित गरेको आजको दिन नेपाललाई स्वतन्त्र मुलुकका रुपमा स्थापित गराउन महत्वपूर्ण दिन भएको इतिहासकारहरु बताउँछन् ।

इतिहासकारहरुका अनुसार सो लडाईमा बंगाली सेनाबाट अफत गरिएका हातहतियारहरुको कारण नै गोर्खाली सेनाले नेपाल एकीकरण अभियान सफल बनाएका थिए भने नेपाली सेना व्यवस्थित हुने अवसर प्राप्त भएको थियो ।

माघ १० नेपालको इतिहासमा पर्सिलो दिन भएको उनीहरुको भनाइ छ । नेपाली सेनाले विदेशी सेनासँग लडेर सबैभन्दा धेरैको संख्यामा हतातती गरेको र ठूलो परिमाणमा हातहतियार कब्जा गरेको दिनका रुपमा माघ १० गतेलाई विजयोत्सवको रुपमा मनाउने गरिन्छ । विसं. १८१९ साल भदौ ९ गते गोर्खाली सेनाबाट मकवानपुरे सेना पराजित भएपछि विशाल मकवानपुर राज्य गोर्खामा विलय हुन पुग्यो ।

लडाईमा गोर्खालीसँग हारेर भागेका मकवानपुरे राजा दिग्बन्धन सेन र मन्त्री कनकसिंह बाँनियाहरुको अनुरोधमा बंगाली बादशाह मिरकासिमले अंग्रेजहरुसँग लड्नका लागि तयार परिएको तीन हजार सैनिक तथा अत्याधुनिक हातहतियारको परीक्षणसमेत हुने ठानेर आज भन्दा २५९ वर्षअघि १८१९ पुस २७ गते युरोपियन मुलुकका सेना प्रमुख गुरगिन खाँको नेतृत्वमा तीन हजार सेना तथा भरियासमेत मकवानपुर पठाए ।

मकवानपुरसँगको लडाई बितेर काठमाँडौं उपत्यका छिर्ने र पशुपति, स्वयम्भूजस्ता क्षेत्रमा लुटपाट गर्ने योजना बंगाली फौजको थियो । मकवानपुरमा आएको त्यस बंगाली फौजले १२ दिनसम्म हर्नामाडौंको चौकी तथा पशुपन्थी र अन्नपात कब्जा जमाएर बस्यो । गुरिल्ला युद्ध गर्न महिर गोर्खाली सेनाले त्यो अवधिभर युद्धको तयारी र तालीम गर्न पायो । माघ ९ गते मध्यरातिं सम्पूर्ण तयारी सकेर गोर्खाली फौजले चरीतिरबाट आक्रमण गऱ्यो ।

इतिहासकारहरुका अनुसार ४ सय दक्ष र केही सामान्य सैनिक रहेको गोर्खालीले तीन हजार फौजको मिरकासिमको सेनामा हाहाकार मच्चाए । विसं १८१९ माघ ९ गते शुरु भएर १० गते बिहान सकिएको त्यस युद्धमा बंगालका तीन हजारमध्ये एक हजार ७ सय सेना मारिए । नेपालका जम्मा ३० जनामात्र मारिए ।

आजभन्दा २१९ वर्ष-अघिको आजकै दिनको जीतपछि गोर्खाली सेनाले मिरकासिमका फौजबाट ५ सय भन्दा धेरै राइफल र दुई (कतै चार तोप हात परेको उल्लेख छ ।) तोप हात परेर चार गुन्म श्रीनाथ, कालीबस्त, बर्दबहादुर र सबुज गुल्म बनाये । केही समयपछि पुरानो गोरखा गुल्मसमेत स्थापना गर्न सफल भयो ।

बकैयामा गाँजा र अफिम खेती नष्ट

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको बकैयामा पनि गाँजा र अफिम खेती हुँदै आएको छ ।

तस्करको उक्साहटमा यस क्षेत्रका किसानले पनि गाँजा र अफिम खेती गरेका हुन् । बकैया गाउँपालिका-६, गढवान र भोगटे क्षेत्रमा अफिम र गाँजा लगाइएको हो । यस क्षेत्रको २९ कट्ठा क्षेत्रफलमा लगाइएको गाँजा र ४ कट्ठा क्षेत्रफलमा लगाइएको अफिम खेती फेट्टानी गरी नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मकवानपुरको विकट राक्सिराङ र कैलाश गाउँपालिका क्षेत्रमा गाँजा फडानी गरेपछी प्रहरीको ध्यान बकैयामा बल्न गएको हो । बकैयाँ क्षेत्रमा अझैपनि गाँजा र अफिम खेती रहेको पाइएको स्थानीय वासिन्दाहरुले बताएका छन् । शनिबार जिल्ला प्रहरी कार्यालय मकवानपुर र ईलाका प्रहरी कार्यालय फापरबारीबाट खटिएको १५ जनाको प्रहरी टोलीले गाँजा र अफिम खेती नष्ट गरेको हो ।

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	Lab Technician/ assistant	2	Negotiable	PCL/TSLC
3	CMA/ANM	Few	Negotiable	TSLC

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

थपिए ९१ जना कोरोना संक्रमित

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा थप ९१ जनामा कोरोना भाइरस (कोभिड-१९) संक्रमण पुष्टि भएको छ । जिल्लामा आइतबार) एकैदिन ९१ जनामा कोरोना संक्रमण पुष्टि भएको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

स्वास्थ्य कार्यालयका अनुसार, जिल्लामा पछिल्लो २४ घण्टामा १७० जनाको पीसीआर र एन्टिजेन परीक्षण गर्दा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको हो । सो अवधिमा २८ जनाको पीसीआर परीक्षण गर्दा १२ जनामा र १३२ जनाको एन्टिजेन परीक्षण गर्दा ७९ जनामा कोरोना पुष्टि भएको हो । संक्रमण पुष्टि हुनेमा सबैभन्दा धेरै हेटौंडा उपमहानगरपालिकाका रहेका छन् । त्यहाँ आज २६ जनामा संक्रमण पुष्टि भएको छ ।

यसैगरी, थाहानगरपालिकाका १९ जना, मकवानपुर गढी गाउँपालिकाका १५ जना, मनहरी गाउँपालिकाका १२ जना, भीमफेदी गाउँपालिकाका २ जना र बकैया गाउँपालिकाका ७ जना रोका छन् । यससँगै जिल्लामा कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १७ हजार ६३ जना पुगेको छ ।

यस्तै, जिल्लामा पछिल्लो २४ घण्टामा २० जना संक्रमणमुक्त भएका छन् । संक्रमणमुक्त हुनेमा हेटौंडा उपमहानगरपालिकाका १३ जना र मनहरी गाउँपालिकाका ७ जना रोका छन् । यससँगै जिल्लामा हालसम्म संक्रमणमुक्त हुनेको कुल संख्या १५ हजार ४ सय १५ जना पुगेका छन् । यस्तै, जिल्लामा हालसम्म संक्रमणका कारण १७० जनाको मृत्यु भएको छ ।

मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा आलु र काउलीको स्तम्भ निर्माण गरिएको छ । थाहा-४ स्थित नयाँगाउँमा त्रिभुवन राजपथमा स्तम्भ निर्माण गरिएको हो । बागमती प्रदेश सरकारको आर्थिक सहयोगमा ७० किलोको कृत्रिम काउली र ३१/३५ किलोका दुईवटा कृत्रिम रातो आलुको स्तम्भ बनाइएको हो ।

७ अर्ब बजेट रकमान्तर गर्दै बागमती प्रदेश सरकार

साझाकुरा संवाददाता

हेटौंडा/ बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष ०७८/८९ मा ७ अर्ब रुपैयाँभन्दा बढी बजेट रकमान्तर गर्ने तयारी गरेको छ । सत्तारूढ गठबन्धनभित्रै मतभेद र कानुनी जटिलताका कारण पूरक बजेट ल्याउने निर्णयबाट पछुडि हटेको प्रदेश सरकारले वर्षैभरि रकमान्तर गरेर आफ्ना प्राथमिकताका योजना कार्यान्वयन गर्ने नीति अवलम्बन गर्न लागेको हो । प्रदेश सरकारले चालु आवका लागि ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार रुपैयाँ बराबरको बजेट ल्याएको थियो ।

कुल बजेटको ५१ प्रतिशत अर्थात् २९ अर्ब ७७ करोड ४३ लाख रुपैयाँ विकास बजेट छ । 'तमैले ७ वटा प्राथमिकता निर्धारण गरेका छौं । चालु आवमा उक्त प्राथमिकता कार्यान्वयन गर्न ७ अर्ब रुपैयाँ लाग्ने अनुमान गरेका छौं,' सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्ण शर्मा खनालले भने, 'पूरक बजेट नल्याउने भएसँगै सरकारको प्राथमिकता र नीतिअनुसार काम गर्न बजेट अभाव हुन नदिन रकमान्तर गर्न लाग्दिएको हो ।'

तरकालीन क्वारेन्टिन पौडेल नेतृत्वको सरकारले ल्याएको चालु आवको बजेटमा समेटिएर पनि कार्यान्वयन हुन नसक्ने योजनालाई हटाएर आफ्नो प्राथमिकताअनुसार खर्च गर्ने नीति हालको राजेन्द्र पाण्डे नेतृत्वको सरकारले लिएको छ । ६ महिनासम्म पनि सुरु नभएका योजना र बजेटको सूची तयार गर्न मन्त्रालयगत रूपमा मुख्यमन्त्री पाण्डेले निर्देशन दिइसकेका छन् । 'हामीले खर्च नहुने र धेरै बजेट भएका योजनाको रकमलाई रकमान्तर गर्नेछौं,' आर्थिक मामिला तथा योजनामन्त्री शालिकराम जम्मकड्देलले भने । उनले बजेट खर्च बढाउन भए पनि रकमान्तर गर्न जरुरी रहेको औल्याए ।

'मन्त्रालयगत रूपमा आवश्यकता हेरेर बजेट रकमान्तर गर्छौं । जुन मन्त्रालयले बढी रकम खर्च गर्छ, सोही मन्त्रालयमा बढी बजेट पठाउँछौं,' मन्त्री जम्मकड्देलले भने । उनका अनुसार सरकारले तयार पारेका प्राथमिकता तथा न्यूनतम साझा कार्यक्रमअन्तर्गतका अल्पकालीन योजनामा बढी रकम खर्चिने तयारी भइरहेको छ । जम्मकड्देलले यसअघिको सरकारले असार महिनामा मात्र रकमान्तर गर्ने गरेका कारण विकास बजेटको खर्च असाध्यै न्यून हुने गरेको दाबी गरे । 'कार्यान्वयन हुने र नहुने योजना छुनोट सकिने बित्तिकै धमाधम र कमान्तर गरेर काम गर्नेछौं,' उनले भने । उनले बजेट खर्च बढाउन र बजेट फिर्ता हुनबाट रोक्न भए पनि रकमान्तर गर्नु आवश्यक भएको तर्क गरे ।

सरकारले रकमान्तर गरेर आफ्ना योजना लागू गर्ने नीति तय गरेसँगै पछिल्लो समय मन्त्रिपरिषद् बैठक लामो हुन थालेको एक मन्त्रीले बताए । 'पछिल्ला मन्त्रिपरिषद् बैठक रकमान्तरको विषयमा केन्द्रित हुने गरेको छ,' ती मन्त्रीले भने, '७ अर्बभन्दा धेरै बजेट रकमान्तर हुन सक्छ । यो प्रारम्भिक तथ्यांक हो । वर्षैभरि रकमान्तर गरेर सरकार अगाडि बढ्ने तयारीमा छ ।'

प्रदेश सरकारले पहिलो चरणमा ७९ करोड रुपैयाँ बजेट रोकेको प्रदेश गौरवको अयोध्या–बीमफेदी–कलेखानी सुरुङ मार्ग, ५० करोड रुपैयाँ बजेट रोकेको विद्युतीय बस खरिदलगायत ठूला कार्यक्रम स्थगन गरेर रकमान्तर गर्ने तयारी गरिरहेको छ । दोशो चरणमा कोरोनाविरुद्धको खोप खरिद गर्न विनियोजन गरेको २ अर्ब रुपैयाँ प्रयोग गरिने बताइएको छ । 'कोरोनाविरुद्धको खोप केन्द्र सरकारले खरिद गरेका कारण प्रदेशलाई भार परेन । त्यसकारण उक्त बजेट रकमान्तर गर्ने तयारी गरेको देखिन्छ' स्वास्थ्य मन्त्रालयका एक कर्मचारीले भने । तर स्वास्थ्यमन्त्री निमा लामाले स्वास्थ्यको बजेट सोही क्षेत्रमै खर्च गर्न लबिइड गरिरहेका ती कर्मचारीले बताए ।

सरकारले कोरोना महामारीबाट नागरिकको जीवन रक्षा, उत्पादनशील क्षेत्र, कोरोना महामारी प्रभावित लक्षित कार्यक्रम, विपद् व्यवस्थापन, विशेष अनुदान र समपूरक योजना, शिक्षा र सामाजिक रूपान्तरणको विषयसँग जोडिएको क्षेत्रमा रकमान्तर भएको बजेट खर्च गर्न तयारी गरिरहेको बुझिएको छ । मुख्यमन्त्री पाण्डे स्रोतका अनुसार बजेटमा विनियोजन गरिएको समपूरक, विशेष र ससर्त अनुदानमा समेत सरकारले रकमान्तर गरेर हेरफेर गर्ने सम्भावना छ । प्रदेश सरकार ले १ सय १९ स्थानीय तहका लागि समपूरक अनुदानतर्फ २ अर्ब ९२ करोड, ससर्त अनुदानतर्फ २ अर्ब ६६ करोड, वित्तीय हस्तान्तरणतर्फ १ अर्ब ७० करोड र विशेष अनुदानतर्फ ४२ करोड बजेट विनियोजन गरेको छ ।

'एक वर्षभित्रै देशमा तीनै तहको निर्वाचन हुन्छ । त्यसकारण पनि रकमान्तर गर्न लाग्दिएको हो । आफूअनुकूल बजेट खर्च गर्न यसो गरिरहेकै छु,' आर्थिक मामिला मन्त्रालयका एक कर्मचारीले भने ।

प्राइम लाइफ
प्रधान कार्यालय हातीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.बं.नं. २५९७९

हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नमिसएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको मागबमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरासमेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल:

क.सं.	बीमालेख नं.	बीमितको नाम	ठेगाना
०१	१५१०००४५०	मुनार खातुन	मलाही-०१, रौतहट

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय मकवानपुर
वागमती प्रदेश, हेटौंडा

कोभिड १९ को संक्रमणबाट बचौ र बचाऔं

कोभिड १९ विरुद्ध खोप लगाई सकेका व्यक्तिहरुलाई गम्भीर बिरामी हुने जोखिम कम भएपनि संक्रमण हुने जोखिम रहिरहन्छ । लक्षण नदेखिएका व्यक्तिहरुले पनि अर्को व्यक्तिलाई संक्रमित बनाउन सक्ने भएकोले यहाँ नपाई तपाईंले आफ्ना प्रियजनहरु माफ संक्रमण फैलाईर हुन् भएको पनि हुनसक्छ । त्यसैले जहिले पनि नाक, मुख र चिउडो छोपिने गरि मास्क लगाई जीम्मेवार नागरिकको दायित्व पुरा गरौं ।

शाद गरौं:
"कोभिड १९ विरुद्ध पूर्ण खोप लगाऔं आफू र आफ्नो परिवारलाई कोभिड १९ रोग लाग्नबाट बचाऔं"
"जनस्वास्थ्यको माथ्दण्डको कट्ठा रुपमा पालना गरौं, गराऔं र कोभिडको संक्रमणबाट बचौं बचाऔं"



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७७१६६४, ९८५५०३१६६४

साझाकुरा
www.sajhakuranews.com
"तपाईं हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको
चाहनालाई मध्यनजर
गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

खुल्यो ! खुल्यो
नयाँ व्यवस्थापनका
साथ अमलेखगञ्जको
जस्तै
लोकल कुखुरा लगायत
मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
होटल MAX
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल. कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना